# सोरु गाउँपालिकाको स्वास्थ्य नीति २०७७

## १. पृष्ठभूमि

नेपालको संबिधान २०७२ ले नागरिकको मौलिक हकको रुपमा आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्ने र आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने व्यवस्था गरेको अवस्थामा सोरु गाउँपालिकाका सबै नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँच र आकस्मिक स्वास्थ्य सेवा पुऱ्याउने र आधारभूत स्वास्थ्य सेवा प्रवाहको सुनिश्चितता गर्नु अपरिहार्य रहेको छ । यसका लागि यस सोरु गाउँपालिकाको स्वास्थ्य सेवाको गुणस्तर निर्धारण, औषधी, उपकरण, जनशक्ति व्यवस्थापन गरी सेवा प्रवाह गर्नुपर्ने देखिन्छ ।
यस गाउँपालिकाको स्वास्थ्य र बिकास अन्तर सम्बन्धित बिषयहरु हुन । स्वास्थ्य क्षेत्रमा भएका प्रगतिहरूलाई विकासका प्रमुख सूचकहरूको रूपमा लिइन्छ । यस गाउँपालिका गरिब, दुरदराजका नागरिकहरु अझै पनि अत्यावश्यक स्वास्थ्य सुविधाबाट बञ्चित रहेका छन । गुणस्तरीय स्वास्थ्य सेवा मार्फत मानव विकास सूचकाङ्कमा सुधार ल्याई गाउँपालिकाको समग्र विकासका लागि दिगो बिकास लक्ष्य प्राप्त गर्न प्रभावकारी स्वास्थ्य सेवाको व्यवस्था गर्नु जरुरी देखिएको छ ।
यस गाउँपालिका भित्र नवजात शिशु तथा मातृ मृत्युलाई वाञ्छित तहसम्म घटाउनु, बढ्दै गएको नसर्ने रोगको प्रकोप नियन्त्रण गर्नु र कुनै पनि बेला हुन सक्ने स्वास्थ्य सम्बन्धी विपद व्यवस्थापन तत्काल रोकथाम गर्नु, जेष्ठ नागरिक, शारीरिक र मानसिक अपाङ्गता भएका, एकल महिला त्यसमा पनि खास गरी गरिब, सिमान्तकृत र जोखिममा रहेका समुदायलाई आधारभुत तथा गुणस्तरीय स्वास्थ्य सेवा सर्वसुलभ र पहुँच योग्य बनाउनु यस नगरपालिकाले दायित्वबोध गरेको छ ।

स्वास्थ्य सेवामा समान पहुँच स्थापित गर्न, जनउत्तरदायी एवं कुशल व्यवस्थापनको माध्यमबाट आवश्यक तथा उपलब्ध सबै स्रोत र साधनको अधिकतम परिचालन गरी संघीय संरचनामा स्वास्थ्य सेवा प्रणाली विकास, विस्तार र सुधार गर्दै विद्यमान तथा नयाँ चुनौतीहरूलाई सही ढङ्गले सम्बोधन गरेर गाउँपालिका बासीको स्वास्थ्य प्रवर्द्धन, संरक्षण, सुधार र पुर्नस्थापना गर्न गाउँपालिका भित्रका स्वास्थ्य, खानेपानी-सरसफाई तथा पोषण सम्वन्धि आवस्यकता र विद्यमान अवस्थाका आधारमा प्रस्तुत ***सोरु गाउँपालिका स्वास्थ्य नीति, २०७७*** तयार गरिएको छ ।

## २. विगतमा गरिएका प्रयासहरु :

राष्ट्रिय नीतिहरुका आधारमा स्वास्थ्य क्षेत्रमा धेरै सफलता प्राप्त भएका छन यद्यपी हालका स्वास्थ्यका सूचकहरुमा सन्तुष्ट हुने अवस्था देखिएको छैन । बिगतमा संघिय र राष्ट्रिय नीति अनुसारनै दुर्गम क्षेत्रका गरिब, लक्षित उमेर समुहका, शारीरिक तथा मानसिक रुपमा अशक्त नागरिकहरुमा आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्रदान गरिदै आएको छ ।

## ३. नगरपालिकाको बर्तमान अवस्था

| सि.नं | सुचकहरू | राष्ट्रिय तथ्याङ्क | प्रादेशिक तथ्याङ्क | गाउँपालिकाको तथ्याङ्क DHIS-2 | | | विकास लक्ष्य २०३० | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | | |
| १. | नवजात शिशु मृत्यु दर | ० | १५२ | ० | ० | ३ | | |
| २. | संस्थागत प्रशुतीको प्रतिशत | ६१.२ | ७३ | २९.९ | ३९.९ | ४७.७ | ९० | |
| ३. | मातृ मृत्यु दर | ० | १३ | ७ | ० | ० | | |
| ४. | जन्मदा कम तौल भएर जन्मिएका बच्चाहरूको प्रतिशत | ० | ५.१ | १.४ | ३.२ | ५.८ | | |

| सि.नं | सुचकहरू | राष्ट्रिय तथ्याङ्क | प्रादेशिक तथ्याङ्क | गाउँपालिकाको तथ्याङ्क DHIS-2 | | | विकास लक्ष्य २०३० | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | | |
| ५. | सबै आधारभूत खोप पाएका बच्चाहरूको प्रतिशत (पूर्ण खोप) | ८३.६ | ९० | १४६.८४ | ९०.९८ | ८८.०४ | | |
| ६. | प्रोटोकल अनुसार ४ पटक गर्भ जाँच गराएका महिलाहरुको प्रतिशत | ५६.५ | ६२ | ३०.६ | २८.४ | २०.९ | ९० | |
| ७. | प्रोटोकल अनुसार ३ पटक सुत्केरी जाँच गराएका महिलाहरुको प्रतिशत | १६.३ | २४ | ६.८ | १३.३ | २०.९ | ९० | |
| ८. | बिवाहित महिलाहरुमा परिवार नियोजनको साधनका नयाँ प्रयोगकर्ता | १२ | १८ | २५.७ | २३.८ | २१.५ | ६० | |
| ९. | क्षयरोगको नयाँ बिरामी दर | १०६.२ | ८४ | ८१.७ | ५१.२ | ६४.८ | | |
| १०. | कुष्ठरोगको नयाँ बिरामी दर | ० | ०.५ | ० | ० | ० | | |

उल्लेखित सुचकहरुमा समग्रमा नेपालले उल्लेखनीय सफलता हासिल गरिसकेको र स्वास्थ्य क्षेत्रमा मुलुक सकारात्मक बाटोमा अग्रसर भइरहेको देखिएता पनि यस गाउँपालिकामा स्वास्थ्य क्षेत्रको तथ्याङ्क बिश्लेषण गर्दा राष्ट्रिय स्तर भन्दा निक्कै नै तल छ। त्यसका पछाडी बिभिन्न समस्या तथा चुनौतीहरू छन्। केही प्रमुख समस्या र चुनौतीहरू निम्नानुसार छन्।

## ४. सोरु गाउँपालिकाका बिद्यमान स्वास्थ्य समस्या तथा चुनौतीहरु :

### ४.१ समस्याहरु

- यस गाउँपालिका भित्र भौगोलिक बिशिष्टता र समतामुलक हिसाबले स्वास्थ्य संस्थाहरुको व्यवस्था हुन नसकेकोले सबै तह, वर्ग र क्षेत्रका समुदायको आधारभूत स्वास्थ्य सेवामा पहुँच पुग्न सकेको छैन।
- मौजुदा स्वास्थ्य संस्थाहरुको भौतिक अवस्था कमजोर भएको, समयानुकुल सुधार गर्न नसकिएको र न्यूनतम पुर्वाधार सहितको रोग निदान सेवा समेत उपलब्ध हुन सकेको छैन।
- मौजुदा स्वास्थ्य संस्थाहरुमा दरवन्दी अनुसारका स्वास्थ्यकर्मीहरु पूर्ति हुन सकेका छैनन्। स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मीहरुका लागि समुचित र उत्साहप्रद वातावरण सृजना हुन सकेको छैन।
- यस गाउँपालिकामा नसर्ने खालका रोगहरु (क्यान्सर, मुटु, मृगौला, मधुमेह, कलेजो, फोक्सोको रोग, दाँतको रोग, मानसिक रोगहरु) को रोकथाम गर्न समस्या देखिएको छ।
- यस गाउँपालिका भित्र रहेका पिछडिएका, गरीव, असहाय, अति दुर्गम भेगका नागरिकहरुका लागि स्वास्थ्य उपचार महगों पर्न गएको छ। अझ गम्भीर प्रकृतिका रोग लागेमा उपचार महंगो भई परिवार नै आर्थिक

जोखिममा परी गरीबीमा जाने वा उपचार सेवा प्राप्त गर्न नसकि घरैमा बसि मृत्युवरण गर्नु परेको अवस्था पनि विद्यमान छ ।

- जेष्ठ नागरिक तथा अपाङ्गता भएका ब्यक्तिहरुको स्वास्थ्य उपचार, किशोर किशोरीहरुको यौन तथा प्रजनन स्वास्थ्य, विद्यालय जाने उमेरका बालबालिकाको स्वास्थ्य प्रवर्द्धनका लागि उचित स्वास्थ्य सेवाको व्यवस्था हुन सकेको छैन ।

### ४.२ चुनौतीहरु

- भौगोलिक बिकटता, आधारभुत स्वास्थ्य सेवा उपलब्ध हुन नसक्नु र समयमा सेवा प्राप्त गर्न जान समेत कठिन भएकै कारण नवजात शिशु, बाल स्वास्थ्य तथा मातृ स्वास्थ्य जस्ता सेवामा पनि अपेक्षित लक्ष्य हासिल हुन सकेको छैन । अझै पनि यस गाउँपालिकाका अधिकांश महिलाहरु घरैमा सुत्केरी हुने, किशोरावस्थामै बच्चा जन्माउने गरेको पाइएको छ । यसैगरी गाउँपालिकामा मातृ तथा नवजात शिशु र पाँच वर्ष मुनीका बालबालिकाको मृत्यु तुलनात्मक रुपमा उच्च रहेको छ ।
- यस गाउँबासी जनताको शैक्षिक तथा चेतनाको स्तर न्यून रहनु, पुर्वाधार बिकास मेरुदण्ड मानिने सडक, विजुली, टेलिफोन, शुद्ध र पर्याप्त खानेपानीको समुचित व्यवस्था हुन नसक्नु, आधुनिक चिकित्सा पद्दतीमा दुर्गम भेगका नागरिकहरुको विश्वास कम रहनु, परम्परागत धामी, झाक्रिको अभ्यास गर्नु र अपर्याप्त सरकारी/निजी लगानी जस्ता चुनौतीहरु विद्यमान रहेका छन् ।
- यस गाउँपालिकाका नागरिकहरुमा गरीवी, अशिक्षा, चेतनाको अभावका कारण कुपोषण, स्वच्छ खानेपानी र सरसफाइको समस्या रहेको छ । जसका कारण बेलाबखत औलो, दादुरा, झाडापखाला, हैजा, ज्वरो जस्तो महामारी फैलने गरेको छ ।
- सबै स्वास्थ्य संस्थामा पर्याप्त मात्रामा निःशुल्क औषधी पुऱ्याउनु र निजी क्षेत्रबाट सञ्चालित औषधि पसलले नागरिकलाई उचित मुल्यमा औषधी उपलब्ध नगराउनु र यसको नियमन गर्नु पनि चुनौतिपूर्ण छ ।
- यस गाउँपालिकाको जडिबुटी एवं आयूर्वेदिक उपचार पद्धतीको सदुपयोग पनि हुन सकेको छैन ।
- नेपालको संबिधान २०७२ ले प्रदान गरेको निःशुल्क आधारभूत स्वास्थ्य सम्बन्धि अधिकारको समुचित व्यवस्था मिलाउन र आकस्मिक स्वास्थ्य सेवाको बिस्तार र बिकास गरि पहुँच बृद्धि गर्ने कार्य यस गाउँपालिकाको परिवेशमा चुनौतिपूर्ण रहदै आएको छ ।
- स्वास्थ्य क्षेत्रमा भएको लगानीको समुचित सदुपयोग नभएको र नागरिकले पाएको स्वास्थ्य सेवा र ऐन नियमको कार्यान्वयनको सम्बन्धमा नियमित र प्रभावकारी अनुगमन हुन सकेको छैन ।
- भौगोलिक विकटता, औषधि भण्डारण ब्यवस्था (स्थान, कोल्डचेन आदि) को अभाव जस्ता कारणले गुणस्तरीय औषधिको आपुर्ति, वितरण र उपलब्धता सहज र पहुँच योग्य हुन सकेको छैन । प्राकृतिक प्रकोप र महामारीका बखत समयमै पर्याप्त औषधि उपकरण पुऱ्याउन र  दुर्गम क्षेत्रमा बसोबास गर्ने नागरिकलाई निःशुल्क औषधी र आधारभुत स्वास्थ्य सेवा उपलब्ध गराउनु र यसको नियमन गर्नु पनि चुनौतिपूर्ण छ ।
- यस गाउँपालिका भित्र आवश्यकता अनुसारको ठाउँमा र नागरिकको हित हुने गरी स्वास्थ्य क्षेत्रमा निजी क्षेत्रको सहभागीता बढ्न सकेको छैन । गैह्रसरकारी क्षेत्रको लगानीलाई पारदर्शी, प्रभावकारी एंव थप व्यवस्थित गर्नुपर्ने आवश्यकता रहेको छ ।

## ५. गाउँपालिकाको नीतिको निर्देशक सिद्धान्त तथा उदेश्यहरु

माथि उल्लेखित समस्या, चुनौती तथा औचित्यका आधारमा यस गाउँपालिकाले स्वास्थ्य नीति तयार गर्दा यसका केही मौलिक निर्देशक सिद्धान्त प्रतिपादन गरी सोही आधारमा नीति तथा रणनीति प्रस्ताव गरिएका छन् । प्रस्तुत निर्देशक सिद्धान्तका आधारमा यस गाउँपालिकाको स्वास्थ्य नीति, २०७६ को कार्यान्वयन गरिनेछ ।

- यस गाउँपालिकाका नागरिकहरूलाई मौलिक अधिकारको रुपमा आधारभुत तथा गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्ने व्यवस्था सुनिश्चित गर्ने ।
- यस गाउँपालिकाका नागरिकले प्राप्त गर्ने स्वास्थ्य सेवा सम्बन्धी सूचनाको हक सुनिश्चित गरी स्वास्थ्य सेवाका हरेक तहमा जनसहभागीता बढाई सेवाग्राहीको सन्तुष्टि बृद्धि गर्ने ।
- यस गाउँपालिकाद्वारा प्रदान गरिने स्वास्थ्य सेवामा गरीब, सीमान्तकृत र जोखिममा रहेका वर्ग र समुदायको पहुँच सुनिश्चित गर्न समतामूलक र सामाजिक न्यायको आधारमा स्वास्थ्य कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने ।
- यस गाउँपालिकाका नागरिकको स्वास्थ्य प्रवर्धन, संरक्षण, सुधार र पुर्नस्थापना सम्बन्धी नीति तथा कार्यक्रमहरू यस गाउँपालिकाका अन्य नीतिहरूमा पनि समावेश गराउदै लग्ने ।
- नागरिकले सर्वसुलभ ढङ्गमा गुणस्तरीय स्वास्थ्य सेवा उचित मुल्यमा प्राप्त गर्ने गरी यस गाउँपालिका भित्र निजी क्षेत्रको सहभागिता बढाई अनुगमन, मुल्याङ्कन र नियम्बन पनि गर्ने ।
- यस गाउँपालिकाको मौलिक र पम्परागत रुपमा रहदै आएको आयुर्वेद, आम्ची लगायतका स्वास्थ्य पद्धतीको संरक्षण र प्रवर्धन गरिनुका साथै यस गाउँपालिकामा पाइने औषधिजन्य जडिवुटीको खोज, अनुसन्धान, संरक्षण, प्रशोधन र प्रवर्धन गर्ने ।
- आन्तरिक तथा बाह्य निकायहरूबाट प्राप्त श्रोत र साधनलाई यो नीति र यस अन्तर्गत बनेका कार्यक्रमहरुबाट प्रभावकारी रूपमा कार्यान्वयन गर्ने गरी परिचालन गर्ने ।
- सरकारी, निजी तथा गैरसरकारी क्षेत्रबाट उपलब्ध गराइने सम्पूर्ण स्वास्थ्य सेवा र कार्यक्रमहरुको प्रभावकारी अनुगमन र नियमन गर्ने ।
- स्वास्थ्य सेवा प्रवाहमा समानता र जफावदेहिताको सिद्धान्तलाई आत्मसाथ गरी स्वास्थ्य सेवाको हरेक तह, तप्का र प्रकारको नागरिकहरुको सहभागिता बढाउने ।
- यस गाउँपालिका भित्रका हरेक निजी तथा गैर सरकारी क्षेत्रबाट संचालन हुने कार्यक्रमहरुको अपनत्व गाउँपालिका आफैले लिई बेलाबेलाका प्रभावकारी अनुगमन र नियमन गर्ने र कार्यक्रमको अवधी समाप्त भई जाने हरेक निजी तथा गैर सरकारी क्षेत्रबाट संचालन हुने कार्यक्रमहरुको अपनत्व गाउँपालिका आफैले लिई आर्थिक श्रोतहरु जुटाएर त्यस कार्यक्रमलाई निरन्तरता दिने ।
- यस नगरपालिका भित्रको स्वास्थ्य सेवालाई सुलभ र प्रभावकारी बनाउन संघीय, प्रदेश, निजी क्षेत्र र गैर सरकारी संस्थाहरु र अरु स्थानीय तहहरुसँग समन्वय र सहकार्य गर्ने ।

### ५.१ भावी सोच (Vision)

यस गाउँपालिकाका सबै नागरिकहरू शारीरिक, मानसिक, सामाजिक र भावनात्मक रूपमा स्वस्थ रही उत्पादनशील र गुणस्तरीय जीवन यापन गर्न सक्षम हुनेछन् ।

### ५.२ ध्येय (Mission)

उपलब्ध साधनस्रोतको अधिकतम प्रयोग गरी सरोकारवाला सम्बन्धित संघीय सरकार/मन्त्रालय, प्रदेश सरकार/मन्त्रालय, स्वास्थ्य सेवा प्रदायक, सेवाग्राही र सरोकारवालाहरू बीच समन्वय र रणनीतिक सहकार्य गरी नागरिकहरूको स्वस्थ्य रहन पाउने मौलिक अधिकारको सुनिश्चित गर्ने ।

### ५.३ लक्ष्य (Goal)

यस गाउँपालिकाका सबै नागरिकहरुलाई स्वास्थ्यको अधिकार सुनिश्चित गर्न गुणस्तरीय स्वास्थ्य सेवामा सवैको पहुँच बृद्धि गरी समतामुलक र न्यायसंगत एवं जवाफदेही स्वास्थ्य सेवा प्रणालीको माध्यमबाट स्वास्थ्य सेवा उपलब्ध गराउने ।

### ५.४. उद्देश्यहरू (Objectives)

- यस गाउँपालिकाका नागरिकलाई सबिधान प्रदत्त स्वास्थ्य सम्बन्धि अधिकारको उपभोग गर्न पाउने वातावरण सृजना गर्ने ।
- प्रत्येक नागरिकले सबै तहबाट गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्न सक्ने गरी आवश्यक औषधी, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरू सहितको प्रभावकारी एवं जवाफदेहीपूर्ण स्वास्थ्य सेवा प्रणालीको स्थापना गर्ने ।
- स्वास्थ्य सेवा प्रवाहमा प्रभावकारी जनसहभागिता प्रवर्धन गर्ने ।

- स्वास्थ्य सेवा प्रवाहमा सरकारी, गैर सरकारी, नीजि, बहुपक्षीय साझेदारी तथा सहकार्य प्रवर्धन गर्ने ।

**६. नीतिहरु**

यस गाउँपालिकाको विशिष्टिकृत भौगोलिक तथा स्वास्थ्य सेवा सम्वन्धी समस्या र चुनौतिलाई सम्वोधन गर्दै यस गाउँपालिकाका नागरिकहरुलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न देहाय बमोजिमका नीति अवलम्वन गरेको छ ।

६.१. यस गाउँपालिकाका हरेक नागरिकलाई निःशुल्क आधारभूत स्वास्थ्य सेवा प्रवाह गरिने छ ।

६.२ यस गाउँपालिका भित्र विशेषज्ञ स्वास्थ्य सेवाको पहुँचलाई सहजीकरण गर्न न्युनतम पूर्वाधार सहितको निदानात्मक सेवा विस्तार गरिने छ ।

६.३ यस गाउँपालिकामा व्यक्ति, परिवार र समाजलाई परिचालन गरी जीवनशैली परिवर्तन गर्न अभिप्रेरित गर्दै नसर्ने रोगको उपचारलाई आधारभूत स्वास्थ्य सेवा स्तर देखि नै व्यवस्थापन गरिनेछ ।

६.४ यस गाउँपालिका भित्र स्वास्थ्य सेवा सर्वसुलभ र प्रभावकारी बनाउन जनसंख्या र भूगोलका आधारमा आधारभूत स्वास्थ्य केन्द्र, सामुदायीक स्वास्थ्य इकाई, बृद्धि गर्दै स्वास्थ्य जनशक्ति उत्पादन, दरबन्दी निर्धारण, जनशक्ति व्यवस्थापन र प्रविधि मैत्री, अपाङ्ग मैत्री स्वास्थ्य उपकरण तथा पूर्वाधारको व्यवस्थापन गरिनेछ ।

६.५ मातृ, नवजात, शिशु र बालमृत्यु घटाउन सुरक्षित मातृत्व, बाल स्वास्थ्य, खोप, परिवार नियोजन, किशोरावस्था लगायतका प्रतिकारात्मक, प्रबर्द्धनात्मक र उपचारात्मक स्वास्थ्य सेवालाई जनताको सहज पहुँचमा पुऱ्याइने छ ।

६.६ यस गाउँपालिका भित्र उपलब्ध जडीवुटीको सदुपयोग गर्दै आयुर्वेद लगायतका अन्य वैकल्पिक चिकित्सकीय प्रणालीलाई व्यवस्थित गरिनेछ ।

६.७ "स्वास्थ्य अनुसन्धान" लाई गुणस्तरीय बनाई अनुसन्धानबाट प्राप्त परिणामलाई यस गाउँपालिकाको नीति, रणनीति र योजना बिकास गर्नका लागी प्रभावकारी रुपमा उपयोग गरिनेछ ।

६.८ यस गाउँबासीको स्वास्थ्य बीमा सुनिश्चित गरी लक्षित बर्ग (ज्येष्ठ नागरिक, भिन्न क्षमता भएका नागरिक, किशोर किशोरी, सिमान्तकृत, बिभेदमा परेका, घाईते) को स्वास्थ्य सेवामा सर्वसुलभ र सहज पहुँच हुने व्यवस्था गरिने छ ।

६.९ सरकारी तथा निजी क्षेत्रबाट सञ्चालित स्वास्थ्य सेवामा गुणस्तरीयता सुचिश्चित गर्न प्रभावकारी समन्वय, सहकार्य, अनुगमन तथा नियमन गर्ने व्यवस्था मिलाइनेछ ।

६.१० सरुवा रोग, संक्रामक रोगहरुको रोकथाम, नियन्त्रण र निवारण तथा आकस्मिक र आपत्कालिन अवस्था र महामारी नियन्त्रण जस्ता कार्यका लागि सबै तहसँगको समन्वयमा स्वास्थ्य सेवा प्रभावबारी रुपमा परिचालन गरिने छ ।

६.११ जनस्वास्थ्य क्षेत्रमा यस गाउँपालिकाको लगानी अभिबृद्धि गर्दै संघीय सरकार, प्रदेश सरकार, निजी तथा गैर सरकारी क्षेत्र लगायत अन्य लगानीलाई व्यवस्थित गरी स्वास्थ्य सेवामा जनताले व्यक्तिगत खर्च गर्नुपर्ने अवस्थालाई न्यूनीकरण गरिनेछ ।

६.१२ स्वास्थ्यकर्मीको सुरक्षा, समुदायको स्वास्थ्य क्षेत्रमा सहभागीता र जनताको स्वास्थ्य सूचनाको हक सुरक्षित गर्दै स्वास्थ्य क्षेत्रमा सुशासन सुनिश्चित गरिने छ ।

६.१३ यस गाउँपालिका बासीको पोषण अवस्था सुधार गर्न गुणस्तरीय, स्वास्थ्यबर्द्धक, पौष्टिक र स्थानिय स्तरमा उत्पादन हुने (रैथाने) खाद्य पदार्थ उत्पादन, प्रयोग र पहुँचलाई बृद्धि गरिनेछ ।

६.१४ यस गाउँपालिका भित्र जन्म, मृत्यु, बसाइ सराई जस्ता ब्यक्तिगत घटना दर्ता कार्यलाई व्यवस्थित गरी गाउँपालिकाको जनसँख्या व्यवस्थापन र स्वास्थ्यको योजना तर्जुमाका कार्यहरुमा उक्त जानकारी उपयोग गरिनेछ ।

**७. नीति अर्न्तगत रणनीतिहरुः**

**नीति १. यस गाउँपालिकाका हरेक नागरिकलाई निःशुल्क आधारभूत स्वास्थ्य सेवा प्रवाह भएको सुनिश्चित गरिने छ।**

- यस गाउँपालिकाका सम्पूर्ण स्वास्थ्य संस्थाहरुबाट निःशुल्क आधारभूत स्वास्थ्य सेवाहरु प्रभावकारी रुपमा उपलब्ध गराईने छन ।
- भुगोल र जनघनत्वका आधारमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्य संस्थाहरु स्थापना तथा विस्तार गरिनेछ। यस गाउँपालिकाका प्रत्येक वडाहरुमा एक स्वास्थ्य संस्था स्थापना गरिनेछ।
- यस गाउँपालिका र स्थानीय तहको सहकार्यमा निःशुल्क स्वास्थ्य कार्यक्रम, आधारभूत स्वास्थ्य सेवा कार्यक्रमको कार्ययोजना बनाई लागू गरिनेछ।
- यस गाउँपालिका र स्थानीय तहको सहकार्यमा स्वास्थ्य बिमा कार्यक्रम एवं सामाजिक स्वास्थ्य सुरक्षाका सेवाहरुलाई सामन्जस्यपूर्ण ढंगले संचालन गरिनेछ।
- यस गाउँपालिकाको स्वास्थ्य सेवालाई नेपालको संबिधान, २०७२ प्रदत्त स्वास्थ्य मौलिक हक, स्थानिय सरकार संचालन ऐन, २०७४ प्रदत्त एकल र साझा अधिकारलाई संस्थागत गर्न **"गाउँपालिका स्तरीय स्वास्थ्य सेवा संञ्चालन तथा व्यवस्थापन समिती"** रहने छ। जसमा निम्न पदाधिकारीहरुले स्वास्थ्य सम्बन्धि सम्पूर्ण योजना तर्जुमा, निर्माण, कार्यान्वयन, अनुगमन र मुल्याङकन गरी कार्यपालिकाको सामाजिक बिकास समितीमा रिपोर्ट गर्नेछ।

  क. गाउँपालिका प्रमुख – अध्यक्ष
  ख. गाउँपालिकाको सामाजिक बिकास समितिको संयोजक – उपाध्यक्ष
  ग. गाउँपालिकाको शिक्षा शाखा प्रमुख – सदस्य
  घ. गाउँपालिका स्तरीय व्यापार संधको प्रमुख – सदस्य
  ङ. गाउँकार्यपालिकाले मनोनित गरेको स्वास्थ्य क्षेत्रको जानकार महिलाहरु मध्येबाट १ जना – सदस्य
  च. गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत – सदस्य
  छ. गाउँपालिकाको स्वास्थ्य संयोजक – सदस्य सचिव
- यस गाउँपालिकाको स्वास्थ्यको संरचना संघिय सरकारले तोके बमोजिम हुनेछ भने आवश्यकताको आधारमा (गाउँपालिका स्तरीय स्वास्थ्य सेवा संञ्चालन तथा व्यवस्थापन समिती र सामाजिक बिकास समितिको सिफारिसको आधारमा) थपघट गर्न सकिनेछ।
- यस गाउँपालिका भित्र बसोबास गर्ने नागरिकहरुका लागी गाउँपालिका स्तरीय **"बिपन्न नागरीक उपचार सहायता कोष"**को स्थापना तथा संचालन गरिनेछ। उक्त कोषको रकम खर्च गर्दा गाउँपालिका स्तरीय स्वास्थ्य सेवा संञ्चालन तथा व्यवस्थापन समितीले प्रमाणित गरी समाजिक बिकास समितिलाई सिफारिस गर्नेछ र समाजिक बिकास समितीले प्रमाणीत गरी कार्यपालीकामा सिफारिस गर्नेछ। कार्यपालीकाले निर्णय गरेर बिपन्न नागरीक उपचार सहायता कोषको रकम निम्न आय भएका, गरिब, आफै उपचार गर्न नसक्ने, सुत्केरी, बृद्ध, ठुला वा आपतकालीन रोग लागेका बिरामीहरुको सहायताको लागी खर्च गर्नेछ। सो कोष मार्फत दिईने भुक्तानी सरकारी अस्पतालमा कार्यरत नेपाल मेडिकल काउन्सिलमा दर्ता भएका डाक्टरहरुले दिईएको सिफारिस पत्रको आधारमा मात्र हुनेछ, निजी क्षेत्रले दिईएको सिफारिस पत्रको आधारमा हुने छैन।

**नीति २ यस गाउँपालिकाका भित्र विशेषज्ञ स्वास्थ्य सेवाको पहुँचलाई सहजीकरण गर्न न्युनतम पूर्वाधार सहितको निदानात्मक सेवा विस्तार गरिने छ।**

- संघीय र कर्णाली प्रदेश सरकारसंग समन्वय गरी यस गाउँपालिकामा १५ शैयाको अस्पताल स्थापना गरिनेछ।
- यस गाउँपालिका भित्रका साबिकका स्वास्थय संस्थाहरु स्तरोन्ती गरी विशेषज्ञ सेवा विस्तार गर्ने गरी निदान तथा उपचार पद्दती सुदृढ गरिने छ।
- यस गाउँपालिकाका वडाहरुसंग समन्वय गरी हरेक वडा तथा स्वास्थ्य सेवाको पहुँच पुग्न नसकेका नागरिकलाई लक्षित गरी सामुदायीक स्वास्थ्य इकाइ, बर्थिङ सेन्टर तथा रोमिङ अ.न.मी. मार्फत टोल वस्तीमा स्वास्थ्य सेवा प्रवाह गरिनेछ।
- नाक, कान, घाटी, दन्त, मानसिक र आँखा चिकित्सालाई विस्तार गरी उपचार गर्ने व्यवस्था मिलाईनेछ। यस गाउँपालिकाका दुर्गम ग्रामीण भेगमा समय समयमा विशेषज्ञ स्वास्थ्य शिविरहरु नियमित रुपमा संचालन गरिने छ।

**नीति ३. जीवनशैली परिवर्तन गर्न अभिप्रेरित गर्दै नसर्ने रोगको उपचारलाई प्राथमिक स्वास्थ्य सेवा देखिनै व्यवस्थापन गरिनेछ ।**

- सुर्तिजन्य पदार्थ, मादक पदार्थ र अन्य स्वास्थ्यलाई हानी गर्ने वस्तुहरुको उत्पादन तथा उपभोगलाई निरुत्साहीत गरिने छ र सो को निति र निर्देशिका बनाई कार्यान्वयन गरिने छ ।
- सुर्तिजन्य पदार्थ, मादक पदार्थ जस्ता हानीकारक वस्तु किनवेच र प्रयोगलाई सार्वजनिक संस्था र स्थानमा निषेध गरिनेछ । यस्ता वस्तुको उत्पादन, बिक्रि वितरण र प्रयोग नियन्त्रण तथा नियमन गर्ने सम्बन्धी कानून बनाई कडाईका साथ कार्यान्वयन गरिनेछ ।
- तोकिए बमोजिमका अवस्थाहरुको (पाठेघर खस्ने समस्या, Obstetrics Fistula, RFT, VIA, Diabetes, HTN, PAP smear, Mammography आदी) समयमा नै पहिचान गर्न नियमित तथा बिशेष शिबिरहरु मार्फत आबश्यक स्वास्थ्य संस्थाहरुमा स्क्रिनिङ सेवाहरु उपलब्ध गराईनेछ ।
- बढ्दो नैराश्यता तथा मानसिक रोगलाई न्यूनीकरण गर्न प्राथमिक मानसिक स्वास्थ्य सेवालाई सबै तहका स्वास्थ्य संस्थाबाट प्रवाह गर्ने ब्यवस्था मिलाइनेछ साथै निश्चित स्थान र समयमा बिशेषज्ञ मानसिक स्वास्थ्य सेवा शिविर (Mental Health Clinic) संचालन गरिनेछ ।
- नसर्ने रोगहरु लाई पनि, प्याकेजको रुपमा न्युनतम सबै स्थानीय तहमा लागू गरि उच्च रक्तचाप, मधुमेह, मिगौला रोग, मुटुरोग अर्वुदरोग, दम, मोटोपना जस्ता नसर्ने रोगहरुको निदान, उपचार र व्यवस्थापन गर्न विशेष एकिकृत अभियान संचालन गरिने छ ।
- स्वस्थ्य जीवनशैली, शारीरिक व्यायाम, उचित खानपान, नियमित स्वास्थ्य परीक्षण जस्ता स्वास्थ्य प्रर्वधनका कृयाकलापहरू स्थानीय निकायसंग समन्वय गरी नियमित कार्यक्रममा समावेश गरी संचालन गरिने छ ।
- खोपबाट बचाउन सकिने रोगहरुको उन्मूलन, निवारण र नियन्त्रणका लागि निगरानी कार्य गरिनेछ, यस गाउँपालिकालाई सधै पूर्णखोप सुनिश्चित नगरपालिकाको सुचिमा राखिनेछ ।

**नीति ४. गाउँपालिका भित्र स्वास्थ्य सेवा सर्वसुलभ र प्रभावकारी बनाउन स्वास्थ्य संस्थाहरु बिस्तार गर्दै (स्वास्थ्य जनशक्ति उत्पादन, दरबन्दी निर्धारण, जनशक्ति ब्यवस्थापन, अनुसन्धान) स्वास्थ्य उपकरण र पुर्वाधारको समुचित व्यवस्था मिलाईनेछ ।**

- यस गाउँपालिका भित्रका सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा खानेपानी, सरसफाई, बिजुली (वैकल्पिक व्यवस्था सहित), इन्टरनेट सेवा, मापदण्ड अनुसार फोहोरमैला बिसर्जन सेवाको व्यवस्था गरिने छ ।
- आधारभूत स्वास्थ्य सेवामा जनताको सहज पहुँच बढाउन सामुदायिक स्वास्थ्य ईकाई स्थापना गर्ने, औचित्यपूर्ण स्थानान्तरण गर्ने र तिनीहरुमा सेवाको बिस्तार गर्ने व्यवस्था मिलाईने छ । साथै प्रत्येक स्वास्थ्य संस्थाको भौतिक पुर्वाधार, उपकरण, कर्मचारी आवासको राष्ट्रिय मापदण्ड अनुसार क्रमागत रुपमा व्यवस्था गरिने छ ।
- यस गाउँपालिकामा मेडिकल स्टोर, कोल्डचेन रुम, बायोमेडिकल इन्जिनियरीङ प्रयोगशाला, क्षयरोग MDR होस्टेल लाई क्रमशः स्थापना गरि ब्यवस्थित रुपमा संचालन गरिनेछ ।
- प्रभावकारी स्वास्थ्य सेवा प्रवर्धनका लागि नमुना गाउँ, नमुना वडा, नमुना स्वास्थ्य संस्था, नमुना अस्पताल, नमुना स्वास्थ्यकर्मी अभियान सुरु गरि क्रमागत रुपमा बिस्तार गरिने छ ।
- नया संरचना अनुरूपको आपूर्ति व्यवस्थापन प्रणाली विकास गरी विशेष गरी निःशुल्क औषधी, खोप तथा खोप जन्य सामाग्री, परिवार नियोजनका साधनहरू, रेबिज भ्याक्सिन, सर्प दंश भेनम, एच.आइ.भी, क्षयकुष्ठ आदि रोगहरूको औषधीको प्रभावकारी सप्लाइ चेन व्यवस्थापन गरिनेछ ।
- यस गाउँपालिकामा आयूर्वेद बैकल्पिक चिकित्सा पद्धतीको विधिलाई क्रमशः एकद्धार प्रणाली मार्फत सेवा प्रवाह गर्ने रणनीति अवलम्बन गरिनेछ ।

**नीति ५. सुरक्षित मातृत्व, बाल स्वास्थ्य, खोप, परिवार नियोजन, किशोरावस्था लगायतका प्रतिकारात्मक, प्रबर्द्धनात्मक, उपचारात्मक स्वास्थ्य सेवालाई जनताको सहज पहुँचमा पुऱ्याउने रणनीति अबलम्बन गरिने छ ।**

- राष्ट्रिय तथा प्रादेशिक लक्ष अनुसार यस गाउँपालिकाका हरेक वडाहरुमा हाल संचालित सुरक्षित मातृत्व, बाल स्वास्थ्य, पोषण संग सम्बन्धीत कार्यक्रमलाई वडासंग समन्वय गरी प्रभाबकारी रुपले संचालन गर्ने ब्यबस्था मिलाइने छ ।

- स्वस्थ बिद्यालय बाताबरण, बिद्यालय पोषण (दिवा खाजा), जुकाको औषधी (Deworming), स्क्रिनिङ तथा स्वास्थ्य परीक्षण सेवा, किशोर किशोरी सेवा जस्ता बिद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गरिनेछ र यी कार्यक्रमलाई प्रभाबकारी बनाउनका लागि स्कूल नर्स कार्यक्रम लागू गरिनेछ ।
- मातृमृत्यु दर, नवजात शिशु मृत्युदर र बालमृत्युदर जस्ता महत्वपूर्ण सुचकाङ्कहरुमा आधारित लक्षहरु तय गरेर आवधिक कार्ययोजनाहरु तयार गरी लागू गरिनेछ ।
- सामुदायीक स्वास्थ्य इकाइ तथा आधारभूत स्वास्थ्य केन्द्रहरुबाट प्रवाह हुने सेवालाई बृद्धि गरी सरसफाई प्रबर्द्धन, स्वस्थ व्यवहार प्रबर्द्धन तथा स्वास्थ्य प्रदर्शनीको रुपमा बिस्तार गरिनेछ ।
- बर्थिङ सेन्टरहरुलाई रणनैतिक स्थानमा संचालनका लागि मानव श्रोत तथा भौतिक साधन सम्पन्न गराइनेछ । प्रसुती केन्द्रहरूमा आमाघर तथा स्तर अनुसार नवजात कर्नर (Stablization center, Specialsized Newborn Care Unit/Newborn Intensive Care Unit) को सुबिधा समयको माग अनुसार उपलब्ध गराइनेछ ।
- नवजातशिशु तथा बाल रोगको एकिकृत व्यवस्थापनलाई सुदृढ गर्दै प्रभावकारी कार्यान्वयन गरिनेछ ।
- यस गाउँपालिकाको आपतकालिन स्वास्थ्य पूर्व तयारी योजनामा मातृ, नवजात शिशु र बालबालिकाको स्वास्थ्य सेवाको निरन्तरतालाई प्राथमिक अवयबको रुपमा लिइनेछ ।
- यस गाउँपालिकामा बसोबास गर्ने विशेष गरी धामीझाक्रिहरु, माताहरुलाई आधारभुत स्वास्थ्य सेवाको तालिम दिने र तिनिहरुको सेवाग्राहीलाई स्वास्थ्य संस्था सम्म ल्याउने व्यवस्था गरिनेछ ।

**नीति ६. यस गाउँपालिकाका भित्र स्वास्थ्यको लागि जनशक्तिको व्यवस्थापनलाई प्रभावकारी रुपमा अघि बढाइनेछ ।**

- विश्व स्वास्थ्य संगठनको मापदण्ड अनुसार हुने गरी यस गाउँपालिका स्तरीय आवधिक स्वास्थ्य जनशक्ति गुरुयोजना निर्माण गरि लागू गरिनेछ र संस्थाहरुमा भएको जनशक्तिको व्यवस्थापनलाई पुनरावलोकन गरि आवश्यकता अनुसार कर्मचारीको यसै गाउँपालिका भित्र सरुवा, काज वा व्यवस्थापन गरिने छ ।
- बिशेषज्ञ तथा मध्यम स्तरका स्वास्थ्य जनशक्ती व्यवस्थापनका लागि संघिय, प्रदेश सरकार एवं शिक्षालयसंग समन्वय र सहकार्य गरिने छ । आवश्यकता अनुसार करार, स्वेक्षिक स्वंमसेवक वा स्वंम सेविकाहरु, ओ.जे.टी. हरुलाई पनि व्यवस्थापन गरिने छ ।
- जवाफदेहिपूर्ण एवं प्रभावकारी स्वास्थ्य सेवा प्रवाह गर्न मिश्रित दक्ष जनशक्तिको आवश्यकता पहिचान, उत्पादन, परिचालन गर्न तथा यस गाउँपालिकाको विशिष्ट अवस्थामा कार्यरत चिकित्सक एवं स्वास्थ्यकर्मीलाई टिकाउनका लागि बिभिन्न कार्यक्रम गरि प्रोत्साहित गरिनेछ र कार्यसम्पादन मुल्याङनको आधारमा डण्डित पनि गरिने छ ।
- यस गाउँपालिकाको स्वास्थ्य शाखाले यस गाउँपालिका भित्र कार्यरत सम्पूर्ण स्वास्थ्यकर्मीहरुको व्यक्तिगत बिवरण फाईल र कार्यसम्पादन मुल्याङ्कन फारम अपडेट राखि, सोहिको आधारमा प्रत्येक बर्ष स्वास्थ्य संयोजकको संम्योजकत्वमा समिति गठन गरी प्रत्येक बर्ष निश्चित सुचाङ्कको निर्माण गरी सोहीको आधारमा र कार्यसम्पादन मुल्याङ्कन फारमको आधारमा प्रथम र उत्कृष्ठ स्वास्थ्यकर्मीहरुलाई पुरस्कृत गरिने छ भने सोही सुचाङ्कको आधारमा र कार्यसम्पादन मुल्याङ्कन फारमको आधारमा स्वास्थ्यकर्मीहरुलाई आवश्यकता अनुसार डण्डीत वा काम गर्न प्रोत्साहित गरिनेछ ।
- यस गाउँपालिका भित्र कार्यरत स्वास्थ्यकर्मीको समुचित व्यवस्थापनको लागि बृत्ति बिकास प्रणालीद्धारा व्यवस्थित गरिनेछ ।
- स्वास्थ्यकर्मीको सेवाको निरन्तरताको लागि सेवा करार जस्ता उपायहरुको अवलम्बन गरिनेछ ।
- यस गाउँपालिका भित्र कार्यरत सम्पूर्ण तह (स्थाई र अस्थाई) अनुसारको स्वास्थ्यकर्मीहरुको कार्यविवरण बनाई लागु गरिनेछ ।
- यस गाउँपालिका भित्र कार्यरत सम्पूर्ण कर्मचारीहरुले प्रत्येक महिना मासिक कार्ययोजना बनाई सम्बन्धित स्थानिय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको मासिक बैठकबाट प्रमाणित गरी सोहि अनुसार मासिक कार्य गर्नेछन् र मासिक कार्य रिपोर्ट पनि सोहि प्रकृयाबाट प्रमाणित गरी गाउँपालिकाको स्वास्थ्य शाखामा पेश गरे पश्च्यात मात्र गाउँपालिकाको स्वास्थ्य शाखाले तलब भुक्तानीको प्रकृया अगाडी बढाउनेछ ।

**नीति ७. गुणस्तरीय, सर्वसुलभ औषधि उपकरणमा सर्वसाधरणको सहज पहुँच बनाउने तथा स्वास्थ्य क्षेत्रमा आधुनिक प्रविधिको उपयोगलाई प्रोत्साहित गरिनेछ।**

- यस गाउँपालिका भित्रका सबै स्वास्थ्य संस्थाहरुमा गुणस्तरीय औषधी वितरण हुने व्यवस्था मिलाइनेछ। औषधिको गुणस्तर र मूल्य नियन्त्रण गर्नका लागि मुल्य तोक्नुका साथै नियमित अनुगमन र नियमन गरिनेछ। यस कार्य गर्नका लागी गाउँपालिकाले प्राबिधिक, कानुनका जानकार, आवश्यकता अनुसारको समिती गठन गरी जिम्मेबारी दिने व्यवस्था मिलाउने छ।
- स्वास्थ्य संस्थालाई आवश्यक पर्ने औषधि उपकरणको सुची तयार गरि औषधि उपकरण खरिद गर्दा गाउँपालिका, स्वास्थ्य संस्था वा वडाले खरिद गर्ने औषधिको छुट्टा छुट्टै सुची तयार गरी ब्यवहारमा ल्याइनेछ। औषधी खरिद गर्दा गाउँपालिका स्तरीय स्वास्थ्य सेवा सञ्चालन तथा व्यवस्थापन समितीले स्थानिय स्वास्थ्य संस्थाबाट माग गरिए बमोजिम र बैज्ञानिक पद्धतीलाई आधार बनाएर सामाजिक बिकास समितिमा सिफारिस गर्नेछ र सोहि सिफारिसको आधारमा कार्यपालिकाले निर्णय गरि गाउँपालिका स्तरीय **"औषधि तथा उपकरण खरिद समिती"** गठन गरी औषधि तथा उपकरणहरु खरिद गर्नेछ।
- दुर्गम क्षेत्रमा सुलभ औषधी पसल बिस्तार गर्न निश्चित कार्यबिधि बनाई प्रोत्साहिन गरिनेछ र स्वास्थ्य संस्थाहरुमा अस्पतालको फार्मेसी थप व्यवस्थित गरी नसर्ने रोगको औषधीहरुलाई थप गरिदै लगिने छ।
- प्रतिकारात्मक संभार, बिक्रि उपरान्त संभार आदी सिद्धान्तलाई ब्यवहारिक रुपमा लागु गरिनेछ। उपकरणहरुको मर्मत तथा सम्भारका लागि प्रादेशिक, संध, दात्तृ निकाय र प्राईभेट निकायसँग समन्वय गरिनेछ र नयाँ प्रबिधि तथा उपकरणहरुको खरिद, प्रयोग तथा आत्मसाथ गर्दै प्रबिधिमैत्री गाउँपालिका घोषणा गरिनेछ। गाउँपालिकालाई प्रबिधिमैत्री बनाउन भएका जनशक्तिहरुलाई तालिमको व्यवस्था र अन्य आवश्यक जनशक्तिहरुलाई करार वा लोकसेवा मार्फत पदपूर्ति गरिनेछ।
- प्रशुति सेवाका लागी चाहिने अति आवश्यक औषधिहरु (Oxitocine, Gentamicine, Magnesium Sulphate, Amoxicilline, Nefidepine, Calcium Gulcanate, Hydrocotizone, Metharzine, Egrometrine) र अति आवश्यक उपकरणहरु (Standard Delivery Set, Newborn Resucitation Corner, Heater, Baby Warmer, Blankets, IP Materials, न्यानो झोला सेट, Perilight, Epi-set, Suturing Set, Condom tamponed set, नाभि मल्हम) को शुन्य मौज्जात कहिले हुन दिईने छैन।
- नेपाल सरकारबाट प्राप्त निःशुल्क औषधिहरु र अत्यावश्यक आधारभुत औषधीहरु (पुर्नजलिय झोल, कोट्रिम, आईरन र भिटामिन ए) र अत्यावश्यक आधारभुत परिवार नियोजनका सामाग्रीहरु (कण्डम, पिल्स र डिपो) को शुन्य मौज्जात कहिले हुन दिईने छैन।

**नीति ८. स्वास्थ्य सूचना प्रणाली र सुक्ष्म अनुसन्धानलाई गुणस्तरीय बनाई अनुसन्धानबाट प्राप्त परिणामलाई** गाउँपालिका**को योजना, नीति, रणनीति बिकास गर्न प्रभावकारी उपयोग गरिनेछ।**

- आवधिक रुपमा यस गाउँपालिका भित्रका स्वास्थ्य सम्बन्धि सूचना व्यवस्थित गर्ने स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मी वा अनुसन्धानकर्तालाई कार्यक्रमको आयोजना गरी प्रोत्साहित एवं प्रवर्धन गर्ने, उत्कृष्ट अनुसन्धानकर्ता, एवं संस्थालाई पुरस्कृत गरिनेछ।
- यस गाउँपालिकामा स्वास्थ्य सूचना प्रणाली तथा अनुसन्धानबाट आएका निष्कर्ष तथा पृष्ठपोषण तथा राष्ट्रिय प्रतिबद्धतालाई गाउँपालिकाको स्वास्थ्य योजनामा समावेश गरी प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।
- यस गाउँपालिकाको एकीकृत स्वास्थ्य सुचना प्रणालीमा सूचनाको शुद्धता, समय बद्धता र पूर्णतामा निगरानी गरी गुणस्तरीय बनाइनेछ। स्वास्थ्यका सुचनाहरुलाई आधार बनाएर प्रत्येक बर्ष गाउँपालिका स्तरीय स्वास्थ्य सेवा संञ्चालन तथा व्यवस्थापन समितीले "गाउँपालिका स्तरीय स्वास्थ्यको प्रोफाईल" तयार गरी सोहिको आधारमा गाउँपालिकाको स्वास्थ्य योजना तर्जुमा तथा निर्माण गर्नेछ।
- यस गाउँपालिकाका स्वास्थ्य शाखा तथा स्वास्थ्य संस्थाहरुमा Internet को पहुँच बिस्तार गरी स्वास्थ्य संस्थाहरुबाट नै Online reporting लाई बिस्तार तथा नियमित गरिनेछ।
- यस गाउँपालिकाको स्वास्थ्य शाखा र सम्पूर्ण स्वास्थ्य संस्थाहरुबाट सफटवेयरको माध्यमबाट बिरामीको रिपोट गर्ने र सम्पूर्ण औषधी उपकरणहरु माग गर्ने आदी व्यवस्था मिलाईनेछ र आवश्यकता अनुसार कर्मचारी व्यवस्थापन गरिनेछ।

**नीति ९.** गाउँपालिका**बासीको स्वास्थ्य बीमा सुनिश्चित गरि लक्षित बर्ग (अति बिपन्न, ज्येष्ठ नागरिक, भिन्न क्षमता भएका नागरिक, किशोर किशोरी, सिमान्तकृत, बिभेदमा परेका, घाईते) को स्वास्थ्य सेवा सर्वसुलभ र सहज पहुँच हुने व्यवस्था गरिने छ ।**

- यस गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरुबाट प्रवाह गरिने स्वास्थ्य सेवाहरु र भौतिक पूर्वाधारहरु बालमैत्री, अपांगमैत्री, ज्येष्ठ नागरिकमैत्री, किशोरकिशोरी मैत्री हुनेछन् । समुदायस्तरमा जेष्ठ नागरिक नमूना दिवा सेवा केन्द्र स्थापना एवं विस्तार गरिने छ । जेष्ठ नागरिक, अति अपाङ्ग, अति असक्त, गर्भ जाँच (प्रोटोकल अनुसार तेस्रो र चौथो) र सुत्केरी जाँच (प्रोटोकल अनुसार दोस्रो र तेस्रो) सेवा र परामर्श स्वास्थ्यकर्मीहरुले घरमै गएर दिने व्यवस्था गरिनेछ ।
- छाउपडी, कम उमेरमा बिवाह गर्ने र कम उमेर मै गर्भवती हुने कारणले महिलाको स्वास्थ्यमा असर गर्ने हुनाले सचेतना अभिबृद्धि गर्ने तथा महिनावारी भएको बेला छात्राहरुको बिद्यालय उपथितिमा निरन्तरता दिन बिद्यालयबाट नै निःशुल्क स्यानेटरी प्याड उपलब्ध गराइनेछ ।
- अपांङ्ग तथा असक्तहरुको लागी आवश्यकता अनुसारको सहयोगी उपचार व्यवस्था, सहयोगी सामाग्री व्यवस्था गरिने छ साथै स्वास्थ्य संस्था तथा स्वास्थ्य सेवा अपांङ्गमैत्री हुनेछन् । प्यालियटिभ स्वास्थ्य सेवाको पनि क्रमशः शुरुवात तथा बिस्तार गरिनेछ ।
- प्रेषण प्रणाली प्रभावकारी गरिने छ र सहजीकरण गरिने छ । दुर्गम क्षेत्रबाट उपचारका लागि अन्यत्र प्रेषण भएका विरामीहरुको आवश्यकता अनुसार जिल्लाका सरकारी निकायहरुसंग सहजिकरण गरी प्रेषणको व्यवस्था गरिनेछ ।
- लैंगिक हिंसामा परेका, बेवारिसे, जेष्ठ नागरिक, अलपत्र अवस्थाका बालबालिका, मानसिक समस्या भइ सडकमै रहेका असहाय व्यक्तिहरूलाई अल्पकालीन स्वास्थ्य व्यवस्थापन एवं हेरचाहको लागि निजी, सरकारी र गैर सरकारी सहकार्यमा गाउँपालिका स्तरीय पुर्नस्थापना केन्द्र स्थापना एवं संञ्चालन गरिने छ । साथै एकद्वार संकट व्यवस्थापन केन्द्रको सुद्धिढीकरण एवं विस्तार गरिने छ ।
- आवश्यकत्ता अनुसार रिफरल अस्पतालहरुमा सामाजिक सेवा इकाई स्थापना गरी प्रभावकारी ब्यवस्थापन गरिनेछ ।

**नीति १०. सरकारी तथा निजी क्षेत्रबाट संचालित स्वास्थ्य सेवामा गुणस्तरीयता सुनिश्चित गर्न प्रभावकारी समन्वय, सहकार्य, अनुगमन तथा नियमन गर्ने ब्यवस्था मिलाइनेछ ।**

- निजी उपचार प्रदान गर्ने संस्था (एलोपेथिक, आयुर्वेदिक, प्राकृतिक तथा अन्य बैकल्पिक सेवा) निदानात्मक सेवा, प्रयोगशाला सेवा, थेरापी सेवा प्रदायक संस्थाहरुको लागी मापदण्ड, निर्देशिका बनाई सोही अनुसार दता गर्ने, संचालन अनुमति दिने तथा नियमन गर्ने व्यवस्था मिलाईने छ ।
- एक जना जनस्वास्थ्य निरिक्षकको व्यवस्था गरी वातावरणीय सरसफाइ, सुर्ति जन्य तथा मदिरा नियन्त्रण, खाद्य स्वच्छता, औषधीको समुचित प्रयोग, समुचित उपचारको नियमन गर्ने र मापदण्ड नपुगेकालाई कार्बाही गर्ने व्यवस्था गरिने छ ।
- यस गाउँपालिका भरिका सम्पुर्ण स्वास्थ्य संस्थाहरुको नियमन, नियमित अनुगमन, मूल्यांकन गर्न निर्देशिका बनाइ सोही अनुसार लागू गरिनेछ ।
- यस गाउँपालिकामा प्राज्ञिक, पेशागत तथा व्यवसायिक संघ संस्थाहरु संचालन सम्वन्धी बनेका ऐन, निति, नियम, नगरपालिका, प्रादेशिक तथा राष्ट्रिय नियम र मापदण्ड अनुसार दर्ता, नवीकरण, संचालन, अनुगमन र नियमन गरिनेछ ।
- सबै तहका स्वास्थ्य संस्थाहरुको न्युनतम सेवा मापदण्ड तयार गरी लागु गरिनेछ ।

**नीति ११. सरुवा रोग, संक्रामक रोगहरुको रोकथाम, नियन्त्रण र निवारण तथा आकस्मिक र आपत्कालिन अवस्था र महामारी नियन्त्रण जस्ता कार्यका लागि स्थानीय तहसँगको समन्वयमा स्वास्थ्य सेवा प्रभावबारी रुपमा परिचालन गरिने छ ।**

- संघिय सरकारले तोकिए बमोजिमका आकस्मिक स्वास्थ्य सेवा सबै तहका स्वास्थ्य संस्थाहरुबाट नियमित प्रवाह हुने व्यवस्था मिलाइनेछ । यस गाउँपालिकाले तोकेको स्वास्थ्य संस्था तथा बर्थिङ सेन्टरहरुबाट २४ घण्टा आकस्मिक स्वास्थ्य सेवा प्रवाह हुनेछ ।

- यस गाउँपालिका भित्र सरकारी, निजी, सामुदायीक रुपमा संचालन हुने एम्बुलेन्स एवं सब बाहन सेवालाई संघिय निर्देशिका एवं मापदण्ड अनुसार व्यवस्थित तरिकाले संञ्चालन गर्ने व्यवस्था मिलाईने छ । यसको उपलब्धता बढाउदै लगिनुका साथै शुल्क निर्धारण, संञ्चालन तथा व्यवस्थापन गाउँपालिका स्तरीय स्वास्थ्य सेवा संञ्चालन तथा व्यवस्थापन समितीले नियमन गर्नेछ ।
- यस गाउँपालिकाको आपतकालीन स्वास्थ्य पूर्वतयारी योजना बनाईनेछ र नगरपालिका भित्रका रणनितिक स्थानहरूमा आकस्मिक स्वास्थ्य अवस्थामा आवश्यक पर्ने औषधी, उपकरण तथा अन्य सामाग्रीलाई जगेडा ( Buffer Stock) को रूपमा राखिनेछ ।
- प्राकृतिक प्रकोप, महामारी र दुर्घटना जस्ता आकस्मिक स्वास्थ्य सेवालाई तत्काल व्यवस्थापन गर्न तत्काल गाउँपालिका स्तरीय प्राकृतिक प्रकोप तथा महामारी नियन्त्रण समिति गठन गरि उक्त समिती मार्फत आवश्यक कार्य गराईनेछ । आकस्मिक स्वास्थ्य परिचालन केन्द्र HEOC र Early Warning Reporting System (EWARS) लाई पनि प्रभावकारी बनाईने छ ।
- दुर्गम क्षेत्रबाट आकस्मिक स्वास्थ्य अवस्था परि संकटमा रहेका (सुत्केरी बेथा, चोटपटक) को अवस्थामा हवाई माध्यमबाट उद्धार गर्न प्रदेश सरकार र जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरि आवश्यक कार्य गरिनेछ ।
- संक्रामक रोगहरुको रोकथाम, नियन्त्रण र निवारण गर्न हाल संञ्चालित क्षयरोग, कुष्ठरोग, एड्स, किटजन्यरोग, सिक्कल सेल एनिमिया सम्बन्धी कार्यक्रम कार्यान्वनयनको लागी स्थानीय निकायको समन्वयमा अनुगमन गरी सोको प्रभावकारी रुपमा संचालन गरिने छ र आवश्यकता अनुसार परिमार्जित गरिने छ ।
- संघीय तथा प्रदेश स्तरीय फोहोरको व्यवस्थापन तथा बिसर्जन सम्बन्धि मापदण्डलाई गाउँपालिका स्तरमा र स्थानिय स्तरका स्वास्थ्य संस्थाहरुमा प्रभावकारी रुपमा लागू गरिनेछ ।

**नीति १२. जनस्वास्थ्य क्षेत्रमा यस गाउँपालिकाले लगानी अभिबृद्धि गर्दै संघीय सरकार कर्णाली प्रदेश सरकार, निजी तथा दात्तृ निकाय लगायत अन्य लगानीलाई ब्यवस्थित गरी स्वास्थ्य सेवामा जनताले व्यक्तिगत खर्च गर्नुपर्ने अवस्थालाई न्यूनीकरण गरिनेछ ।**

- औषधीको समूचित व्यवस्थापन र वितरणका लागि गाउँपालिका स्तरीय औषधी भण्डारण (Medical Store) को व्यवस्था गरिनेछ। सो औषधी भण्डारण गाउँपालिकाको स्वास्थ्य शाखा र गाउँपालिका स्तरीय स्वास्थ्य सेवा संञ्चालन तथा व्यवस्थापन समितीको मातहतमा रहने छ ।
- राष्ट्रिय स्वास्थ्य बिमा कार्यक्रमलाई गाउँपालिका भरि प्रबर्धन एवं विस्तार गरिने छ र सो कार्यक्रमको निगरानी गाउँपालिका स्तरीय स्वास्थ्य सेवा संञ्चालन तथा व्यवस्थापन समितीले गरी सामाजिक बिकास शाखामा रिपोर्टिङ गर्नेछ ।
- गाउँपालिकाको कुल बजेट (श्रोत बाडफाड) को कम्तिमा ३० प्रतिशत बजेट स्वास्थ्य क्षेत्रका लागि सुनिश्चित गर्ने साथै सो बजेट क्रमश बृद्धि गर्दै लगिनेछ । उक्त छुट्टाईएको रकमबाट स्वास्थ्यको प्रबर्धनात्मक, स्वास्थ्य शिक्षा, सुचना तथा संचारको क्षेत्रहरुमा ६० प्रतिशत खर्च गर्नेपर्ने गरी अघि बढिनेछ ।
- अति गरिव, असहाय, द्वन्द पीडित, राउटे तथा अन्य लोपोन्मुख जातीलाई गाउँपालिकाले परिचयपत्र प्रदान गरी सम्पूर्ण स्वास्थ्य सेवा निःशुल्क गर्नेछ। उल्लेखित लक्षित समुदायलाई बिशेष स्वास्थ्य कार्यक्रम गरी स्वास्थयमा पहुँच बृद्धि गरिनेछ । साथै त्यस्ता समुदायलाई स्वास्थ्य बीमामा समावेश गर्न गाउँपालिकाको सहुलियतमा स्थानीय तहसँग समन्वय गरी कार्यान्वयन गरिनेछ ।
- यस गाउँपालिका भित्र संचालन हुने र भईरहेको गैर सरकारी तथा निजि क्षेत्र बीचको सहकार्य तथा साझेदारीलाई प्रवर्द्धन तथा नियमन गाउँपालिका स्तरीय स्वास्थ्य सेवा संञ्चालन तथा व्यवस्थापन समितीले गरी सामाजिक बिकास शाखामा रिपोर्टिङ गर्नेछ ।

**निति १३. जनस्वास्थ्यको संरक्षण र प्रवर्द्धन गर्नका लागि प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक तथा प्रेषण सेवाको बिकास तथा बिस्तार गरिने छ ।**

- यस गाउँपालिका भित्र समुदाय, स्वास्थ्य संस्था तथा सबै बिद्यालयहरुमा स्वच्छ खानेपानीको व्यवस्था गरिने छ र सो को नियमन गाउँपालिका स्तरीय स्वास्थ्य सेवा संञ्चालन तथा व्यवस्थापन समितीले गरी सामाजिक बिकास शाखामा रिपोर्टिङ गर्नेछ ।

- समुदायमा बितरण गरिएको खानेपानी तथा व्यवसायिक रुपमा उपलब्ध खानेपानीको निरन्तर गुणस्तर परीक्षण, निगरानी र नियमन गाउँपालिका स्तरीय स्वास्थ्य सेवा संञ्चालन तथा व्यवस्थापन समितीले गरी सामाजिक बिकास शाखामा रिपोर्टिङ गर्नेछ ।
- वडा समितिहरुसंग समन्वय र सहकार्य गरी घर, समुदाय, बजार तथा स्वास्थ्य संस्थाको फोहोरको उचित व्यवस्थापन र पैरवी गरिने छ । यसका निगरानी र नियमन स्वास्थ्य संस्था स्तरीय स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समितीले गरी गाउँपालिका स्तरीय स्वास्थ्य सेवा संञ्चालन तथा व्यवस्थापन समितीमा रिपोर्टिङ गर्नेछ ।
- वडा समितिहरुसंग समन्वय र सहकार्य गरी दुर्गम बस्तीहरुमा श्वास प्रश्वास रोगको कारक मानिएको घरभित्र हुने धुँवा नियन्त्रण गर्न सफा चुलो अभियान संचालन गरिने छ । यसको सम्पूर्ण कार्य स्वास्थ्य संस्था स्तरीय स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समितीले र गाउँपालिकामा गाउँपालिका स्तरीय स्वास्थ्य सेवा संञ्चालन तथा व्यवस्थापन समितीले गर्ने गरी व्यवस्थापन गरिनेछ ।
- वडा समितिहरुसंग समन्वय र सहकार्य गरी खुला दिशामुक्त गाउँपालिकाबाट पूर्ण सफा गाउँपालिका बनाईनेछ र सो को दिगोपनाको रणनिती तयार गरि कार्यान्वयन गरिनेछ । यसको सम्पूर्ण कार्य स्वास्थ्य संस्था स्तरीय स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समितीले र गाउँपालिकामा गाउँपालिका स्तरीय स्वास्थ्य सेवा संञ्चालन तथा व्यवस्थापन समितीले गर्ने गरी व्यवस्थापन गरिनेछ ।
- यस गाउँपालिका भित्र खानेपानी, हावा, ध्वनीको गुणस्तरको मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन गरिनेछ । यसको सम्पूर्ण कार्य वडामा स्वास्थ्य संस्था स्तरीय स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समितीले र गाउँपालिकामा गाउँपालिका स्तरीय स्वास्थ्य सेवा संञ्चालन तथा व्यवस्थापन समितीले गर्ने गरी व्यवस्थापन गरिनेछ ।
- जलवायु परिवर्तन, मौसम परिवर्तन, काम र कार्यस्थलका कारणले स्वास्थ्यमा पर्ने हानीबाट वचाउन जिल्ला स्थित सरकारी, गैर सरकारी तथा निजी सबै क्षेत्रहरुसंग समन्वय गरी स्वास्थ्य सचेतना सम्वन्धी कार्यक्रम संचालन गरिनेछ। यसको सम्पूर्ण कार्य वडामा स्वास्थ्य संस्था स्तरीय स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समितीले र गाउँपालिकामा गाउँपालिका स्तरीय स्वास्थ्य सेवा संञ्चालन तथा व्यवस्थापन समितीले गर्ने गरी व्यवस्थापन गरिनेछ ।
- बार्षिक रुपमा यस गाउँपालिका भित्रका क्षेत्रहरुमा जिल्ला स्थित सरकारी, गैर सरकारी तथा निजी सबै क्षेत्रहरुसंग समन्वय गरी बृक्षारोपण कार्यक्रम संचालन गरिनेछ । यसको सम्पूर्ण कार्य गाउँपालिका स्तरीय स्वास्थ्य सेवा संञ्चालन तथा व्यवस्थापन समितीले गर्ने गरी व्यवस्थापन गरिनेछ ।

**निति १४. स्वास्थ्यकर्मीको सुरक्षा, समुदायको स्वास्थ्य क्षेत्रमा सहभागीता र स्वास्थ्य क्षेत्रमा सुशासन सुनिश्चित गरिने छ ।**

- स्वास्थ्य सेवा प्रदायक ब्यक्ति र संस्थाहरुको सुरक्षाको लागि प्रचलित संघिय कानुनी व्यवस्थालाई गाउँपालिका भरी प्रभावकारी रुपमा लागू गरिनेछ ।
- स्वास्थ्य सेवामा, स्वास्थ्य पूर्वाधार निर्माणमा हुने ढिलासुस्ती तथा गुणस्तरहिन कार्यलाई निरुत्साहित र आवश्यक परेमा डण्डीत गरिने छ । स्वास्थ्यकर्मिलाई आफ्नो काम, कतव्य प्रति जवाफदेही बनाईने छ । यसको सम्पूर्ण कार्य वडामा स्वास्थ्य संस्था स्तरीय स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समितीले र गाउँपालिकामा गाउँपालिका स्तरीय स्वास्थ्य सेवा संञ्चालन तथा व्यवस्थापन समितीले गर्ने गरी व्यवस्थापन गरिनेछ ।
- स्वास्थ्य सुशासन कायम गर्नको लागी सबै स्वास्थ्य संस्थाहरुले सामाजिक परिक्षण, लेखा परिक्षण, नागरिक बडापत्र, स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिती, गुणस्तर सुधार टोली, सेवाग्राही संन्तुष्टि फारम भर्न बिज्ञहरु सहितका जिम्मेवार समितिहरुको ब्यबस्था उपलब्ध निर्देशिका अनुसार गरिनेछ। स्वास्थ्य सम्बन्धी गुनासो सुनुवाईको लागी पनि आवश्यक संयन्त्रको प्रयोग गरिने छ। यस किसिमका स्वास्थ्य सुशासन कायम गर्नको लागी गरिने सबै कार्यहरुमा उपलब्ध भएका निति, ऐन, कानुन, निर्देशिका, मापदण्ड सबै स्वास्थ्य संस्थाहरुले पालना गरेर गर्ने व्यवस्था मिलाईनेछ ।
- स्वास्थ्यसंग सम्बन्धीत राष्ट्रिय र अन्तराष्ट्रिय गैर सरकारी संघ संस्था तथा दातृ निकायहरुलाई जनतामुखी र परिणाममूखी कार्य गर्नको लागि उत्पेरित गरिने छ । प्रत्येक बर्ष यस गाउँपालिका भित्र काम गर्ने स्वास्थ्यसंग सम्बन्धीत राष्ट्रिय र अन्तराष्ट्रिय गैर सरकारी संघ संस्था तथा दातृ निकायहरुले अघिल्लो आर्थिक बर्ष भित्र आउने आर्थिक बर्षको पूर्ण योजनाको (कार्यक्रम र लागत अनुमान) पाठ सहित यस गाउँपालिकाको स्वास्थ्य शाखामा पेश गनुपर्नेछ र स्वास्थ्य क्षेत्रमा राष्ट्रिय र अन्तराष्ट्रिय गैर सरकारी संघ संस्था तथा दातृ निकायहरुको

र गाउँपालिकाको स्वास्थ्य क्षेत्रमा हुने प्रक्षेपित योजना गाउँपालिका स्तरीय स्वास्थ्य सेवा संञ्चालन तथा व्यवस्थापन समितीले एकिकृत गरि सम्पूर्ण स्वास्थ्य क्षेत्रको समयसिमा सहितको योजना र कार्यक्रमको भित्तेपात्रो (Calendar of Operation) निर्माण गर्ने व्यवस्था गरिनेछ ।

- यस गाउँपालिका भित्रका समुदायको विशिष्ट संस्कृती संस्कारलाई आत्मसात गर्दै स्वास्थ्य सेवालाई सेवाग्राही मैत्री बनाई स्वास्थ्यको एक मौलिक हक भएको सुनिश्चितता गरिनेछ । यस गाउँपालिकाले समुदायको विशिष्ट संस्कृती संस्कारलाई आत्मसात गर्दै स्वास्थ्य सेवा, संस्कार र संस्कृतीको एकृकित रुपबाट स्वास्थ्यलाई प्रबर्धन गरिदै लगिनेछ ।
- यस गाउँपालिका भित्रका नागरिकलाई स्वास्थ्य सम्बन्धि सूचनाको हक तथा सेवाग्राहीले उपचार सम्बन्धि जानकारी पाउने हक सुरक्षित गर्न सूचना तथा संचार कार्यलाई प्रभावकारी कार्यान्वयन गरिनेछ । यसको सम्पूर्ण कार्य वडामा स्वास्थ्य संस्था स्तरीय स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समितीले र गाउँपालिकामा गाउँपालिका स्तरीय स्वास्थ्य सेवा संञ्चालन तथा व्यवस्थापन समितीले गर्ने गरी व्यवस्थापन गरिनेछ ।
- यस गाउँपालिका भित्रका किशोरीहरुको हुने बालबिवाहलाई निरुत्साहित गरिनेछ । यस कार्यका लागी प्रदेश सरकारसँग मिलेर एक बालिका एक बैक खाता संञ्चालन गरिनेछ । **"बिहाबारी २० बर्ष पारी"** लाई कडाईका साथ लागु गरिनेछ । यसको सम्पूर्ण कार्य वडामा स्वास्थ्य संस्था स्तरीय स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समितीले र गाउँपालिकामा गाउँपालिका स्तरीय स्वास्थ्य सेवा संञ्चालन तथा व्यवस्थापन समितीले गर्ने गरी व्यवस्थापन गरिनेछ । यस कार्यका लागी सम्पूर्ण जनप्रतिनिधि, सम्बन्धित सरोकारबालालाई अग्रसरताका साथ लागी पर्न व्यवस्थापन गरिनेछ ।

**नीति १५. गाउँपालिकाबासीको पोषण अवस्था सुधार गर्न गुणस्तरीय, स्वस्थ्यबर्द्धक र स्थानिय स्तरमा उत्पादन हुने ( रैथाने) पोषिला खाद्य पदार्थ उत्पादन, प्रयोग र पहुँचलाई बृद्धि गरिनेछ ।**

- खाद्य विविधीकरणमा जोड दिदै वडा तहसंग समन्वय र सहकार्य गरी पोषण व्यवहार परिवर्तन गर्ने तथा बजारिया खाना (Junk Food) लाई निरुत्साहित गर्ने सम्बन्धी कार्यक्रमहरु स्वास्थ्यको बार्षिक योजनामा समावेश गरी नियमित रुपमा संचालन गरिनेछ । यसको सम्पूर्ण कार्य वडामा स्वास्थ्य संस्था स्तरीय स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समितीले र गाउँपालिकामा गाउँपालिका स्तरीय स्वास्थ्य सेवा संञ्चालन तथा व्यवस्थापन समितीले गर्ने गरी व्यवस्थापन गरिनेछ ।
- अर्गानीक तथा पोषणयुक्त खाद्यवस्तुको उत्पादन वृद्धि गर्न, हरित गृह तथा प्रत्येक परिवारमा सुधारीएको करेसाबारी निर्माण गर्न र खानामा विविधीकरण गरि उपभोग गर्न प्रोत्साहित गरिनेछ । यसको लागी जिल्ला स्थित कृषि कार्यालय, गाउँपालिकाको कृषि शाखा र अन्य सरोकारबालाहरुसंग आवश्यक परामर्श, छलफल, पैरवी र संयोजन गरिनेछ । यसको सम्पूर्ण कार्य वडामा स्वास्थ्य संस्था स्तरीय स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समितीले र गाउँपालिकामा गाउँपालिका स्तरीय स्वास्थ्य सेवा संञ्चालन तथा व्यवस्थापन समितीले गर्ने गरी व्यवस्थापन गरिनेछ ।
- पोषणयुक्त बाल पौष्टिक आहार, दिवा खाजा लगायतका अन्य खाद्य पदार्थ उत्पादनका लागि जिल्ला स्थित कार्यालयहरु, गाउँपालिकाका शाखाहरु र अन्य सरोकारबालाहरुसंग आवश्यक परामर्श, छलफल, पैरवी र संयोजन गरि पोत्साहन गरिनेछ र सोको गुणस्तर कायम गर्ने प्रावधान बनाईनेछ । यसको सम्पूर्ण कार्य गाउँपालिका स्तरीय स्वास्थ्य सेवा संञ्चालन तथा व्यवस्थापन समितीले गर्ने गरी व्यवस्थापन गरिनेछ ।
- वडा समितिहरुसंग समन्वय र सहकार्य गरी स्थानीय स्तरमा उपलब्ध पौष्टिक तत्वयुक्त खाद्य पर्दाथ उपयोग गर्नका लागि उत्प्रेरित गरिनेछ । यस्ता खाद्य पदार्थ प्रसोधन तथा बजारीकरणका लागी साना किसान/व्यवसायी अनुदान कार्यक्रम संचालन गरिनेछ । यसको लागी जिल्ला स्थित कृषि कार्यालय, गाउँपालिकाको कृषि शाखा र अन्य सरोकारबालाहरुसंग आवश्यक परामर्श, छलफल, पैरवी र संयोजन गरिनेछ । यसको सम्पूर्ण कार्य वडामा स्वास्थ्य संस्था स्तरीय स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समितीले र गाउँपालिकामा गाउँपालिका स्तरीय स्वास्थ्य सेवा संञ्चालन तथा व्यवस्थापन समितीले गर्ने गरी व्यवस्थापन गरिनेछ ।
- बहु क्षेत्रीय पोषण कार्यक्रम, एकिकृत शिघ्र कुपोषण व्यवस्थापन कार्यक्रम लगायत पोषणसँग सम्बन्धी कार्यक्रमहरु स्वास्थ्यको बार्षिक कार्यक्रममा विस्तार, परिष्कृत एवं प्रभावकारी बनाइनेछ । स्वास्थ्य संस्थाहरुसँगको सहकार्यमा पोषण पुर्नस्थापना केन्द्रहरू स्थापना गरि अति कुपोषित बालबालिकाहरुलाई उपचारको व्यवस्था मिलाईनेछ ।

- वडा समितिहरुसंग समन्वय र सहकार्य गरी स्थानीय बजारमा खाद्य पदार्थमा मिसावट र अखाद्य पदार्थ नियन्त्रण गरिने छ । स्वस्थ मासु तथा दुध उत्पादन बिक्रि बितरणको लागी नियमन गरिने छ । कुनै पनि तैयारी खानेकुराहरुमा अनिबार्य लेवलिङको व्यवस्था गरिने छ । यस किसिमको कार्यको निगरानी गाउँपालिकाका आफैले एक **"पालिका स्तरीय खाद्य पदार्थ गुणस्तर निर्धारण समिति"** निर्माण गरि सो को निगरानी गर्नेछ र संघिय कानुन बमोजिम काम कारबाही गर्नेछ ।
- यस गाउँपालिका भित्रका सम्पूर्ण दुईबर्ष मूनिका बालबालिकाको सबै स्वास्थ्य संस्थाहरुबाट नियमित बृद्धि अनुगमन गरिनेछ। गर्भवति र २ बर्षमूनीका बच्चाका आमाहरुको पोषणको स्थीति सुधार गरिनेछ। सो कार्यका लागी सबै स्वास्थ्य संस्थाहरुमा आवश्यक सम्पूर्ण औषधि, औजार तथा उपकरणहरु र जनशक्तिको व्यवस्थापन गाउँपालिका आफैले गर्नेछ। यसको सम्पूर्ण व्यवस्थापकिय कार्य वडामा स्वास्थ्य संस्था स्तरीय स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समितीले र गाउँपालिकामा गाउँपालिका स्तरीय स्वास्थ्य सेवा संञ्चालन तथा व्यवस्थापन समितीले गर्ने गरी व्यवस्थापन गरिनेछ ।

**नीति. १६. जनसंख्या व्यवस्थापनलाई गाउँपालिका बिकासको मुल खम्बाको रुपमा संस्थागत गर्ने ।**

- गाउँपालिका भित्र जन्म, मृत्यु, बसाईसराई जस्ता ब्यक्तिगत घटना दर्ता कार्यलाई व्यवस्थित गरिनेछ। प्रत्येक १०/१० बर्षमा गाउँपालिका आफैले गाउँपालिका भरि जनगणना गर्नेछ । यस कार्यमा प्रत्येक गर्भबतीले प्रोटोकल अनुसार ४ पटक गर्भ जाँच, परामर्श, २२५ आईरन चक्की र क्याल्सियम, ९० चक्की फोलिक एसिड, जुकाको औषधी र टिडी खोप, स्वास्थ्य संस्थामा नै दक्ष प्रशुतीकर्मी मार्फत सुत्केरी सेवा, प्रोटोकल अनुसार ३ पटक सुत्केरी जाँच, बच्चालाई ६ महिनासम्म आमाको दुधमात्र खुवाउने, बच्चाले पाउने सम्पूर्ण खोप सेवा, बच्चालाई २ बर्षसम्म बृद्दि अनुगमन, आमाको दुध र थप पोषिलो खानेकुरा आदी सम्पूर्ण कार्यहरुको सुनिश्चित गरिनेछ । यसको सम्पूर्ण व्यवस्थापकिय कार्य वडामा स्वास्थ्य संस्था स्तरीय स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समितीले र गाउँपालिकामा गाउँपालिका स्तरीय स्वास्थ्य सेवा संञ्चालन तथा व्यवस्थापन समितीले गर्ने गरी व्यवस्थापन गरिनेछ ।
- जनसंख्या सम्बन्धित सूचनालाई बिकासका आयोजना तर्जुमा गर्दा र कार्यक्रम निर्माण गर्दा प्रमुख आधारको रुपमा उपयोग गरिनेछ ।
- हरेक बालबालिकाको अनिवार्य जन्मदर्ता समयमै (३५ दिन भित्र) गर्ने गराउने ब्यवस्था गरि प्रत्येक बच्चाको ५ बर्ष सम्म ट्रयाकिङ गरिने छ ।
- समुदायस्तरमा भएको हरेक नवजात शिशु एवं मातृमृत्युको कारण पहिचान गर्न मृत्युपश्चात गरिने भर्बल अटप्सि विधिलाई पद्धतीबद्ध गरिनेछ। यसको सम्पूर्ण व्यवस्थापकिय कार्य वडामा स्वास्थ्य संस्था स्तरीय स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समितीले र गाउँपालिकामा गाउँपालिका स्तरीय स्वास्थ्य सेवा संञ्चालन तथा व्यवस्थापन समितीको सहयोग तथा सहकार्यमा गर्ने गरी व्यवस्थापन गरिनेछ।
- मौसमी बसाई सराई, श्रम बसाई सराई, यार्सा एवं जडिबुटी संकलनको समयमा आधारभूत स्वास्थ्य सेवा, घुम्ती स्वास्थ्य क्लिनिकहरु मार्फत स्वास्थ्यकर्मीहरुद्वारा प्रदान गरिने व्यवस्था गरिनेछ । यसको सम्पूर्ण व्यवस्थापकिय कार्य वडामा स्वास्थ्य संस्था स्तरीय स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समितीले र गाउँपालिकामा गाउँपालिका स्तरीय स्वास्थ्य सेवा संञ्चालन तथा व्यवस्थापन समितीले गर्ने गरी व्यवस्थापन गरिनेछ ।
- वडा समितिहरुसँग समन्वय गरि दुर्गममा छरिएका र जोखिममा रहेको बस्ती पहिचान गर्ने, एकिकृत बस्ती विकासको लागि अध्ययन एवं पैरबी गर्नुका साथै वस्ती विकास योजना तर्जुमा गरी संघीय सरकार र प्रदेश सरकारसंगको समन्वय र सहयोगमा वस्ती विकास कार्यक्रम कार्यान्वयन गर्न जोड दिइनेछ । प्रत्येक बस्तीहरुबाट परिवार नियोजनका साधन प्रयोगकर्त्तादर बृद्दि गर्न चाहना हुदाँहुदै पनि परिवार नियोजनका साधन प्रयोग गर्न नपाएका दम्पतीहरुको पहिचान गरी सो बाधाको पहिचान गरि योजना बनाई शिघ्र त्यसको समाधान गर्ने व्यवस्था गरिनेछ । जिल्ला स्थित अन्य सरोकारबाला र गैर सरकारी संस्थाहरुसंग समन्वय गरेर त्यस्ता बस्तिहरुमा आवश्यकता अनुसार परिवार नियोजनको क्याप वा शिविर संञ्चालन गरिनेछ । यसको सम्पूर्ण व्यवस्थापकिय कार्य वडामा स्वास्थ्य संस्था स्तरीय स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समितीले र गाउँपालिकामा गाउँपालिका स्तरीय स्वास्थ्य सेवा संञ्चालन तथा व्यवस्थापन समितीले गर्ने गरी व्यवस्थापन गरिनेछ ।
- स्वस्थ्य, सुखी परिवार बनाउन वडा समिति तथा स्वास्थ्य संस्थाहरुसंग समन्वय र सहकार्यमा व्यवस्थित परिवार एवं परिवार नियोजन सम्बन्धि कार्यक्रमहरु बार्षिक योजनामा समाबेश गरि संञ्चालन गरिनेछ।

- स्वास्थ्यमा सहस्राब्धि लक्ष्य हासिल गर्न संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गर्नुका साथै बहुपक्षीय, दुईपक्षीय, तथा राष्ट्रिय, अन्तराष्ट्रिय, बहुक्षेत्रीय सहकार्यद्धारा विकास साझेदारहरुको सहयोगलाई प्रभावकारी ढंगबाट परिचालन गरिनेछ ।

## १७. बिबिध

- यस नितिमा रहेका व्यवस्थाहरु कार्यान्वयन गर्न बिद्यमान नीतिहरु र नयाँ बन्ने त्यस्ता नीतिहरु सहयोगी र परिपूरक हुनेछन् ।
- सेवाग्राही जनतालाई उचित गुणस्तरको, यथेष्ठ, उपयुक्त र यथासमय स्वास्थ्य सेवा छिटो छरितो उपलब्ध होस् भन्ने ध्येयले निजी, व्यापारीक समुदाय, सहकारी, सामुदायिक तथा बिकासका साझेदार संस्थाहरु र नाफा नकमाउने सेवा प्रदायकहरुसँग साझेदारी र सहकार्यलाई प्रोत्साहन गरिनेछ ।

## ८. संस्थागत संरचना

- नीति कार्यान्वयनका लागि यस गाउँपालिकाको नेतृत्वमा स्वास्थ्य संस्थाहरु रहनेछन । त्यस्तै नीतिमा उल्लेख भएको स्वास्थ्य सेवा प्रवाहका लागि गाउँपालिका स्तरमा प्राथमिक अस्पताल स्थापना गरिनेछ ।
- मानव संशाधन बिकासका लागि प्रदेश सरकार, प्रदेश लोक सेवा, स्वास्थ्य प्रतिष्ठान, मेडिकल कलेज र अन्य स्वास्थ्य जनशक्ति उत्पादन गर्ने निकायहरुसंग क्षमता अधिवृद्धिका लागि समन्वय गरिनेछ । स्वास्थ्य संस्थाहरुमा ल्याव सेवा, आँखा उपचार सेवा र प्रत्येक वडामा एउटा आधारभूत स्वास्थ्य केन्द्र तथा आवश्यकता अनुसार सामुदायीक स्वास्थ्य इकाई स्थापनाको लागि प्रदेश तथा संघीय सरकारसँग समन्वय एवं सहजीकरण गरिने छ ।

## ९. आर्थिक पक्ष

यस नीतिको कार्यान्वयन मूलतः गाउँपालिकाको सामाजिक बिकास शाखाको नियमित बजेटबाट गरिनेछ । यस नीतिमा रहेका उद्धेश्यहरु हासिल गर्न यस गाउँपालिकाका सबै शाखाहरुको कार्यक्रम तथा बजेटमा तालमेल मिलाई सबै नीतिमा स्वास्थ्यको अवधारणालाई अगाडी ल्याइनेछ । नेपाल सरकार र कर्णाली प्रदेश सरकारको नियमित वार्षिक कार्यक्रम मार्फत यस नीतिले अवलम्बन गरेका रणनीति तथा कार्यनीतिहरु सम्बोधन गराउन पहल गरिनेछ । यसका साथै यो नीति कार्यान्वयन गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय बिकास साझेदारहरु, संयुक्त राष्ट्र संघीय निकायहरु र निजी क्षेत्रसँग समेत समन्वय, सहकार्य र साझेदारी गरी आवश्यक श्रोत व्यवस्थापन गर्न पहल गरिनेछ । यसको सम्पूर्ण व्यवस्थापकिय कार्य वडामा स्वास्थ्य संस्था स्तरीय स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समितीले र गाउँपालिकामा गाउँपालिका स्तरीय स्वास्थ्य सेवा संञ्चालन तथा व्यवस्थापन समितीले गर्ने गरी व्यवस्थापन गरिनेछ ।

## १०. अनुगमन र मूल्यांकन

यस नीति कार्यान्वयनको क्रममा अनुगमन गर्ने र अपेक्षित नतिजा र प्रतिफल प्राप्तीको मूल्याङ्कन गर्ने दायित्व सामाजिक बिकास समितिको हुनेछ । यसको लागि उक्त समितिको संयन्त्र र क्षमता बिकास गरिनेछ । वडा समितिहरु एवं अन्य सरोकारवाला निकायसँगको समन्वय र सहकार्यमा सहभागितामुलक अनुगमन प्रक्रिया अवलम्बन गरिनेछ । प्रत्येक पाँच वर्षमा यस नीतिको समीक्षा गरी आवश्यकता अनुसार परिमार्जन गर्दै लगिनेछ ।

## ११. नीति कार्यान्वयनको कार्ययोजना

यस नीति कार्यान्वयनका लागि यस गाउँपालिका स्तरीय स्वास्थ्य तथा सरसफाई ऐन तर्जुमा गरिनेछ । स्वास्थ्यसँग सम्बन्धित आवश्यक ऐन कानून, नियमावली तथा अर्न्तराष्ट्रिय स्तरमा नेपालले गरेका प्रतिवद्धताको अधीनमा रही यस नीति कार्यान्वयनका लागि तत्कालीन, मध्यकालीन र दिर्घकालीन कार्ययोजना बनाईने छ । यही कार्ययोजना अनुसार बार्षिक योजना तथा कार्यक्रम र बजेट निर्माण र कार्यान्वयन गरिनेछ । वार्षिक रुपमा कार्ययोजना कार्यान्वयनको समीक्षा गरी पुनरावलोकन गरिनेछ । यस सम्बन्धि कार्य सामाजिक बिकास समितिले आवश्यकता अनुसार परिमार्जन गरी कार्यपालिकामा पेश गर्नेछ । कार्यपालिकाले बिश्लेषण गरि सो को व्यवस्थापन गर्नेछ ।

**१२. जोखिम**

१. स्वास्थ्य क्षेत्रको समष्टिगत रुपमा स्रोत परिचालन रणनीतिको अभाबमा स्रोत परिचालनमा कठिनाई हुन सक्ने सम्भावना रहन्छ ।

२. मुलुक सङ्घीय संरचनामा परिणत हुँदा कार्यान्वयन गरिने स्वास्थ्य कार्यक्रमहरु संघ, प्रदेश र स्थानिय सरकारको दायित्व भित्र पर्ने गरि छुट्टयाई स्वास्थ्य नीतिको पुर्नसमायोजन गर्नुपर्ने हुनसक्दछ ।

**१३. खारेजी**

यस अघिको जति पनि स्वास्थ्य नीति बनि लागु भए पनि, यस नीति लागु भएको मितीबाट खारेज गरिएको छ ।